# आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

**"स्वास्थ्य, शिक्षा, उत्पादन, आपूर्ति**
**रोजगारी, जीविका, पूर्वाधार र समृद्धि"**

**गाउँ सभाका सदस्य ज्यूहरु, समस्त कर्मचारी मित्रहरु,**
**पत्रकार, सुरक्षाकर्मी लगायत सम्पूर्ण उपस्थित मान्यजनहरु ।**

शुभकालिका गाउँपालिकाको आर्थिक वर्ष ०८३/०८४ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँ सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै गौरवान्वित महशुस भएको छ । यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागि नेपाली जनताले गर्दै आएको ऐतिहासिक जनआन्दोलनहरुमा आफ्नो अमुल्य जीवन वलिदानी गर्ने महान शहीदहरु प्रति हार्दिक श्रद्धा सुमन सहित उच्च सम्मान प्रकट गर्दछु । पालिकावासीले दिएको अगाध माया र ममतावाट प्रेरित भई मैले शुभकालिका गाउँपालिकालाई समृद्ध गाउँपालिकाको रुपमा अगाडि वढाई गाउँपालिकाको गौरवलाई उच्च राख्न केही महत्वपूर्ण नीति तथा कार्यक्रम गाउँसभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभुति गरेको छु ।

शुभकालिका गाउँपालिकाको आगामी आ.व.२०८३/२०८४ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लोककल्याणकारी अवधारणा, संविधानले परिकल्पना गरेको समाजवाद तर्फको यात्रा र विकासको क्रममा आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा पछाडि परेका समुदायहरुलाई मध्यनजर गर्दै गाउँवासीको सर्वोपरी हितलाई मध्यनजर गरि निति तथा कार्यक्रम तयार पारिएको छ ।

सुशासन लोकतन्त्रको आधारस्तम्भ भएकोले गाउँपालिकावाट संचालन हुने सवै प्रकारका कार्यहरुमा पारदर्शिता, आर्थिक अनुशासन, डिजिटल प्रविधीको विकास तथा सामाजिक न्यायलाई अङ्गिकार गर्दै भष्ट्राचारमुक्त विधिको शासन व्यवस्थाको सुनिश्चितता गरिनेछ । स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याई जीवन निर्वाहमा सहजता ल्याउन स्थानीय स्तरमा रहेका ज्ञान, सीप र क्षमतालाई प्राथमिकता दिने नीति अवलम्वन गरिनेछ । राष्ट्रको सांस्कृतिक धरोहर मानिने कला, साहित्य, सम्पदा र संस्कृतिलाई सम्वर्द्धन एवं प्रवर्द्धन गर्ने नीति मार्फत गाउँपालिकाका निति तथा कार्यक्रमहरु निर्देशित हुनेछन् ।

स्थानीय स्तरमा रहेका भौतिक तथा सामाजिक उत्थानका योजनाहरु वनाउँदा वातावरणीय पक्षलाई विशेष ध्यान दिइनेछ । गाउँ निर्माणको कार्यमा समुदाय, सहकारी, गैरसरकारी तथा निजी क्षेत्र लगायत साझेदार संघसंस्थाहरुको सहकार्य आवश्यक हुने हुनाले सहभागितामूलक साझेदारीलाई प्रश्रय दिने र वहुलगामी र आर्थिक वृद्धिका सम्भावना वढाउने कार्यहरुलाई प्राथमिकता दिइनेछ । साथै गाउँपालिकाको पूर्वाधार विकासमा जोड दिईनेछ ।

नेपालको संविधान २०७२ जारी भई मिति २०७९ वैशाख ३० गते सम्पन्न भएको निर्वाचनवाट निर्वाचित गाउँ सभाले सवैधानिक व्यवस्था अनुसार हाल सम्म चौधौ गाउँसभा सम्पन्न गरि आज हामी पन्ध्रौ गाउँसभाको अवस्था सम्म आई पुगेका छौं । सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई आफ्नो अमूल्य समय प्रदान गरि गाउँसभाको गरिमा वढाई दिनु भएकोमा हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्न चाहन्छु ।

शुभकालिका गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम यस गरिमामय पन्ध्रौँ गाउँ सभा समक्ष प्रस्तुत भई रहँदा यस गाउँपालिकामा क्रियाशिल सवै राजनितिक दल सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरु र सम्पूर्ण गाउँवासीको संयुक्त पहल कदमीले यस गाउँपालिकाको समग्र विकासमा सहयोग पुग्ने विश्वास लिएको छु ।

संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान कार्यान्वयन भईरहेको अवस्थामा निर्वाचित जनप्रतिनिधिहरु मार्फत जनताले आफैलाई शासित गर्ने वातावरण निर्माण भएको सन्दर्भमा शुभकालिका गाउँपालिकालाई संघियताको मर्म अनुसारका विकास प्रकृयालाई व्यवस्थित रूपमा संचालन गर्न नेपालको संविधान, भुमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेका निति, निर्देशन तथा कार्यादेशहरू, स्थानीय तहको योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७८, नेपाल सरकारको विकास सम्वन्धी लक्ष्य, उद्देश्य र मान्यताहरू, नेपाल सरकारको नीति तथा कायक्रम, शुभकालिका गाउँपालिकाको आ.व. २०८२/०८३ नीति तथा कार्यक्रम, दिगो विकासका लक्ष्यहरु, जिल्ला तथा स्थानिय स्तरका विभिन्न राजनितिक दलहरु, वुद्धिजिवि, कर्मचारी, गैरसरकारी संस्था तथा अन्य व्यक्तिहरुवाट आएका सुझावहरुलाई आत्मसाथ गरि आ.व २०८३/०८४ को नीति तथा कार्यक्रम तयार गरिएको छ ।

स्थानीय तह मार्फत नागरिकहरुलाई प्रवाह गरिने सेवा प्रवाहलाई प्रभावकारी वनाउन र स्थानिय सरकारको वार्षिक निती तथा कार्यक्रम निर्माण गर्ने यस कार्यमा अहोरात्र खटिनु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, व्यवस्थापन कार्यमा संलग्न सवै राजनितिक दलहरु, निजी क्षेत्र, विकास साझेदार संघ संस्थाहरु, संचार क्षेत्र, जनप्रतिनिधि ज्यूहरु, राष्ट्र सेवक कर्मचारीहरु लगायत सम्पूर्ण गाउँवासीहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**सभा सदस्य ज्युहरु,**

कालिकोट जिल्लाको सदरमुकामवाट ८ कोष दक्षिण पुर्वमा अवस्थित शुभकालीका राज्य पुनरसंरचना सहितको संघिय संरचना अन्तर्गत साविकका तीन वटा गाविसहरु सुकाटीया, भर्ता र कालीकालाई संयोजन गरी शभुकालीका गाउँपालिकाको नामाकरण गरिएको हो । यस गाउँपालीकाको पुर्वमा महावै गाउँपालीका, पश्चिम र दक्षिणमा दैलेख जिल्ला र उत्तरमा तिला नदी र खाँडाचक्र नगरपालीका पर्दछन । यो गाउँपालीका ९७.३२ वर्ग कि.मी (९७३२ हेक्टर) क्षेत्रफलमा फैलिएको छ जसमा ६२५६.७७ हेक्टर वन क्षेत्र, २९४४.६६ हेक्टर कृषियोग्य जमिन, २११४ हेक्टर सिंचित, ८३०.६६ हेक्टर असिंचित र ८३०.६६ हेक्टर जमिन पाखो क्षेत्रले ओगटेको पाइन्छ ।

गाउँपालीकाको वडा नं. १ मा छाती, वडा नं. २ मा भर्ता, राजवाडा, सेरा, वडा नं. ३ मा भर्ता, वडा नं. ४ मा ठाना, राराकाटीया, चौलागाईवाडा र सुन्दरगाउ, वडा नं. ५ मा वत्तीस, उदोगाउँ र अधिकारीवाडा, वडा नं. ६ मा हाउडी, दहचौर, वडा नं.७ मा कालीका र वडा नं. ८ मा कालीका मुग्राहाँ वस्ती अवस्थित छन् । खेती योग्य जमिन, सिंचाई सुविधा र वनजंगल भएका कारण यो गाउँपालिका तुलनात्मक रुपमा मध्यम खालको मानिन्छ ।

यस गाउँपालिका स्थित दहीखोला, भर्तागाड, धाँचुखोला, कालेखोला, परसामखोला, वालीगाड र घट्टेगाड खोलाले यस गाउँपालिकाका धरैजसो भुभागमा सिंचाईका लागि महत्वपुर्ण भुमिका खेलेका छन् भने

गाउँपालीकाको उत्तरी सीमाना भएर वग्ने तिला नदीले पनि महत्वपुर्ण सम्भावना र वन संरक्षण गर्नमा भुमिका निर्वाह गरेको छ ।

यस गाउँपालिकमा जम्मा घरधुरी २,७६२ रहेका छन भने गाउँपालीकाको कुल जनसंख्या १३,७७३ रहेको छ जसमा महिला ७,१३९ (५१.८३ प्रतिशत) र पुरुष ६,६३४ (४८.१७ प्रतिशत) छन् । परिवारको आकार ४.९९ छ भने जनसंख्या वृद्धिदर -०.२१ रहेको छ । यस गाउँपालिकाको जनघनत्व १४२ रहेको छ । गाउँपालिकाको साक्षरता दर ७४.४ प्रतिशत रहेको छ भने जसमा पुरुषको साक्षरता दर ८२.२३ र महिला साक्षरता दर ६७.२८ प्रतिशत रहेको छ ।

जातिगत रुपमा यस गाउँपालीकामा वाहुन, क्षेत्री, ठकुरीहरुको वाहुल्यता वढी रहेको छ । यस गाउँपालीकामा वसोवास गर्ने मुख्य जातहरुमा आचार्य, अधिकारी, जैशी, वुढा, हमाल, विश्वकर्मा, परियार, दर्जी, लुवार, कुमाल, योगी, घर्ती, रोकाया, टमटा, वोहोरा, तिमिल्सेना, शाही, विष्ट, रोकामगर, वुढामगर, रामजाली, कार्की, खत्री, सेजुवाल, महतारा, भट्टराई र चौलागाई आदि रहेका छन् ।

गाउँपालीकाको अधिक जनसंख्या हिन्दु धर्म प्रति आस्थावान छन् भने केही संख्याका मानिसहरुले ईसाई धर्म मान्ने गर्दछन् । यस गाउँपालीकाका वासिन्दाहरु फरक–फरक कुल देवता पुज्ने गर्दछन् जसमा चुलीमालीका, चौथा भवानी, कालिका, महादेव, मष्टा, महावै, जगनाथ, खापर, दुधेशिल्लो, कालाशिल्ला, दाहालदेव, धलपुरा आदि पर्दछन् । प्रमुख चाडपर्वहरुमा दशैं, तिहार, जनै पुर्णिमा, वैशाख पुर्णिमा, नववर्ष, माघे संक्रान्ती, अषाढे संक्रान्ती, तागा, र विभिन्न कुल देवताका पैठ (मेला) पर्वहरु आदि रहेका छन् ।

गाउँपालीकाको ८० प्रतिशत भन्दा वढि जनसंख्या प्रत्यक्ष रुपमा कृषिमा आधारित छन् भने झण्डै २० प्रतिशत नोकरी र अन्य पेशामा संलग्न छन् ।

**सभा सदस्य ज्युहरु,**

तेह्रौ गाउँवाट विभिन्न ५ वटा विषयगत क्षेत्र आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, वन वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत विकास गरी ५ वटा क्षेत्रमा नीतिहरु पारित गरेका थियौं उक्त नीतिहरु कुनै वार्षिक रुपले पुरा गरिने र कुनै नीति आवधिक हिसावले कार्यान्वयन गर्ने अवस्थामा हामी पुगेका छौ, नीतिहरु हाम्रा मार्गदर्शन हुन् र यस १५ औं गाउँसभाले केही नीतिहरुमा गत वर्षकै निरन्तरता र केही नीति तथा कार्यक्रम नयाँ समेत ल्याउने प्रयास गरेका छौं ।

तेह्रौ गाउँवाट पारित सवै नीतिहरुलाई कार्यक्रम र वजेटसंग मेल खाने किसिमले लैजाने प्रयासका वावजुत पनी कार्यान्वयन गर्न नसकिएका त्यस्ता निति तथा कार्यक्रमहरुलाई समेत यस गौरवमय १५ औं सभा मार्फत निरन्तरतका लागि सभा सदस्यहरुलाई आग्रह गर्न चाहन्छु ।

हामीले सहभागीतात्मक गाउँ विकास योजना तर्जुमाका प्रकृया अवलम्वन गरी वस्ती, टोल र वडास्तरवाट प्राथमिकता हुदै आएका र गाउँपालिका तथा वडाहरुले वनाएका योजना वैंकमा समाहित भएका योजनाहरुलाई केन्द्रीय सरकारको मार्गदर्शन समेतलाई ध्यानमा राखी आ.व. २०८३/०८४ को नीति, कार्यक्रम र गाउँ विकास योजना तर्जुमा गरिएको प्रस्तुत नीति तथा कार्यक्रमले यस गाउँपालिकाको विकास, उन्नति र प्रगतिका लागि आधार तयार गर्नेछ भन्ने कुरामा मैले विश्वास लिएको छु ।

१.२. चालु आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रमको समीक्षा : मिति २०८३ अषाढ १० गतेका दिन आयोजित यस गाउँपालिकाको १३ औं गाउँसभाले चालु आ.व. २०८२/०८३ को प्रस्तावित आयव्यय विवरण, योजना तथा कार्यक्रमहरु सहित गाउँ विकासका नीतिहरु पारित गरेका थियौ । १३ औं गाउँसभा पछिको एक वर्षको समयमा हामीले के कति उपलब्धी हासील गर्न सक्यौं सोको समग्र प्रगती समीक्षाको चरणमा हामी रहेका छौं ।

यस गाउँपालिकामा रहेका ८ वटा वडाहरुका १३७७३ जना नागरिकहरुलाई स्थानिय सरकारको महशुस, विकास, सुशासनको प्रत्याभुती र विकासमा नागरिकको सहभागिता वृद्धि गर्नु हाम्रो जिम्मेवारी हो ।

आर्थिक वर्ष २०८२/०८३ मा शुभकालिका गाउँपालिकाले निम्नानुसारको वजेट विनियोजन गरी हाल सम्म तपशिल वमोजिमको रकम खर्च समेत गरेको छ ।

| विवरण | विनियोजित वजेट | खर्च वजेट | कैफियत |
|---|---|---|---|
| गाउँपालिकाको आय-व्यय | ४८,२६,३३,०००. (अठचालिस करोड छव्वीस लाख तेत्तिस हजार रुपैया मात्र ) | २१,१७,०४०००. (एक्काईस करोड सत्र लाख चार हजार मात्र ) | **४३.८६ प्रतिशत** |

कुल जम्मा **रु. ४८,२६,३३,०००। (अक्षरुपी अठचालीस करोड छव्वीस लाख तेत्तिस हजार रुपैया मात्र )** विनियोजन गरीएको, हाल सम्म खर्च रकम रु २१,१७,०४,०००। **(अक्षरुपि एककाईस करोड सत्र लाख चार हजार मात्र), ४३.८६ प्रतिशत** खर्च गरि सकिएको छ ।

१३ औं गाउँसभा वाट विनियोजन वजेटले पक्कैपनि शुभकालिका गाउँवासीहरुको समृद्धी र विकासका लागि सडक यातायात, शिक्षा, खानेपानी, कृषि, सिंचाई, रोजगारी, पोषण सुधार, स्वास्थ्य सेवा प्रवाह, कृषी व्यवशाय प्रवर्द्धन र उद्यमशिलता विकास लगायतका भौतिक पूर्वाधार एवं सामाजिक विकासका क्षेत्र महिला, दलित, जेष्ठ नागरिक, वालवालिका, विपन्न वर्ग लगायत सवै गाउँवासीको लागि सेवा सुविधामा वृद्धि भएको होला भन्ने कुरामा हामीले विश्वास लिएका छौं ।

चालु आ.व. २०८२/०८३ लाई विकास निर्माण, शुसासन तथा जनताको जनजिविकाको लागी सडक, शिक्षा, खानेपानी, कृषि, सिंचाई, स्थानिय पुर्वाधार निर्माण लगायतका भौतिक पुर्वाधार एवं गाउँपालिकाको समग्र विकासका क्षेत्र महिला, दलित, जेष्ठ नागरिक, वालवालिका, विपन्न  समुदाय लगायत सम्पुर्ण गाउँवासीको लागि सेवा प्रवाहमा उल्लेख्य भुमिका खेल्ने प्रयास गरेका थियौ । गाउँपालिकाको समग्र विकास र समृद्धीका लागि हामी कति सफल छौं भन्ने कुरालाई समस्त शुभकालिका गाउँवासीले यथार्थपरक ररुपमा मूल्यांकन गर्नेनै छन् । क्षेत्रगत आधारमा गरिएको आ.व.२०८२/०८३ को प्रगती समीक्षालाई संक्षिप्त रुपमा प्रस्तुत गर्दछु ।

**(क) आर्थिक विकास क्षेत्र :** ७० हक्टेर क्षेत्रफलमा सिचाई सुविधा यस आर्थिक वर्षमा पुगेको छ । उक्त कार्यका लागि विगतमा संचालनमा रहेका सहित थप ५ वटा सिचाई कुलो (१६०० मिटर) पक्की कुलो र ३ वटा पोखरीहरु निर्माण सम्पन्न गरि संचालनमा आएका छन् । कृषि व्यवशायलाई आधुनिकिकरण, वैज्ञानीक र प्रविधीयुक्त वनाउनका लागि विभिन्न रणनैतिक योजना निर्माण गरी कृषकहरुलाई आत्मनिर्भर वनाउने कार्यको सुरुवात गरिएको छ । गाउँपालिकामा रहेका ६० वटा कृषक समुह र ४०

वटा कृषक फर्म निर्माण गरी व्यवशायिक कृषि उत्पादन तथा वजारीकरण सम्वन्धि कार्यक्रमहरु संचालन गरिएको छन । गरिव सँग विशेश्वर कार्यक्रम मार्फत वडा नं. २ का ५० जना अगुवा कृषकहरुलाई २ दिने व्यवशायिक तरकारी खेती सम्वन्धि तालिम संचालन गरि व्यवशायिक सिप प्रदान गर्ने कार्य गरिएको छ । २५०० जना कृषकहरुलाई जैविक तथा राशायनिक विषादी खरिद तथा वितरण गरिएको छ । १००० जना केषकहरुलाई विभिन्न जातका तरकारीको विउविजन वितरण गर्ने कार्य सम्पन्न गरी तरकारी खेतीलाई व्यवशायिक वनाउने प्रयास गरिएको छ । Random Sampling methods वाट २५१ कृषकहरुको तथ्यांक संकलन गरिएको छ । NAFA परियोजनाको सहकार्यमा वडा नं. १ देखि ८ सम्म ३६५ रोपनी जग्गामा ३६५० फलफुलका विरुवाहरु कृषक समुह तथा सहकारी मार्फत वितरण गरिएको छ । VDSEF नेपालको सहकार्यमा ५० जना कृषकहरुलाई ३ दिने व्यवशायिक च्याउ खेती तालिम संचालन गरी च्याउ खेती व्यवशायको सुरुवात गरिएको छ भने ५० जना कृषकहरुलाई IPM सम्वन्धि ३ दिने तालिम संचालन गरिएको छ । उन्नत विउ उपयोग अनुदान कार्यक्रम अन्तर्गत ५६ के.जी. विउविजन सहयोग गरी ८ क्विन्टल उन्नत विउ उत्पादन गरी खेती गर्ने कार्य गरिएको छ । ४५ हेक्टर क्षेत्रफलमा आलु, सुन्तला, ओखर र तरकारी पकेट क्षेत्रको रुपमा विस्तार गरिएको छ । कृषकहरुलाई व्यवशायिक तरकारी खेति तथा नगदेवाली तथा अन्न उत्पादनका लागि निरन्तर परामर्श, प्राविधीक ज्ञान सिप तथा प्रविधिको वारेमा तालिम, छलफल तथा सल्लाह सुझाव प्रदान गर्ने कार्य गरिएको छ । गाउँपालिकाको पशु सेवा शाखा तथा वडा मार्फत १३२२ जना कृषकका ११,७००। पशुहरुलाई सेवा प्रदान गरिएको छ । १६६ वटा साँढे, वोका, थुमाहरुको वन्ध्याकरण, ६६ वटा लाई गाइएनोकोलोजिकल सेवा, ९८०० वटा लाई पि.पि.आर. र ४९० वटालाई एफ.एम.डी. खोप, ११ वटाको कृतिम गर्माधान सेवा प्रदान गरिएको छ । संघिय सरकारको सशर्त कार्यक्रम अन्तर्गत गाउँपालिकाको वडा नं. २ र ४ मा ३० जना कृषकहरुलाई व्यवशायिक वाखा पकेट क्षेत्र विस्तार कार्यक्रम संचालन गरिएको छ । गाउँपालिकामा रहेका ३९२३ जना वेरोजगारहरु मध्य राट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम, मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम, गाउँपालिका र स्थानिय पुर्वाधार सहयोग कार्यक्रमको साझेदारीमा ३३ वटा आयोजनाहरु मार्फत १३४५ जना वेरोजगार व्यक्तिहरुलाई कामका लागी पारिश्रमिकमा आधारित आयोजनाहरुमा रोजगारी प्रदान गर्ने कार्य गरिएको छ भने आ.व. २०८३/०८४ का लागि ३९६५ जना वेरोजगार व्यक्तिहरुको विवरण संकलन तथा रोजगार व्यवस्थापन सुचना प्रणालीमा सुचिकृत गर्ने कार्य सम्पन्न गरिएको छ । गाउँपालिकावाट कामका लागि विभिन्न मुलुकहरुमा वैदेशिक रोजगारीमा गएका तथा विगतमा विभिन्न मुलुकहरुमा वैदेशिक रोजगारीमा गई फर्किएका व्यक्तिहरुको विवरण संकलन तथा अद्यावधिक गर्नेका कार्य सम्पन्न भई वैदेशिक रोजगारीवाट फर्किएका ३५ जना युवाहरुलाई २ दिने उद्यमशिलता प्रवर्द्धन सम्वन्धि तालिम संचाल गरिएको छ । नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार वोर्ड र सुरक्षित आप्रवासन कार्यक्रमको साझेदारीमा सुरक्षित र मर्यादित वैदेशिक रोजगारीका लागि समन्वय तथा सहकार्य तथा रोजगार सेवा केन्द्र मार्फत श्रम स्वीकृती तथा पुन श्रम स्वीकृतीको कार्यको थालनी गरिएको छ । गाउँपालिकामा रहेको उद्योग विकास शाखा मार्फत गाउँपालिकामा दर्ता भएका ५ वटा फर्महरुको नविकरण, २ वटाको खारेजी गर्ने कार्य सम्पन्न गरिएको छ । स्थानिय स्तरमा रहेको गाउँपालिकाको वेरोजगार समस्याको दिर्घकालिन समाधान तथा दिगो रोजगारी सृजनाका लागि गाउँपालिकाको ५ वर्षे रोजगार रणनिती योजना अद्यावधिक गर्ने कार्य गरिएको छ ।

**(ख) सामाजिक विकास क्षेत्र**

हाल शुभकालिका गाउँपालिकामा रहेका २६ वटा विद्यालयहरु र ४४ वटा वालविकास केन्द्रहरु संचालनमा रहेका छन । शैक्षिक सत्र २०८२ मा शुभकालिका गाउँपालिकाको भर्ना दर १०० प्रतिशत रहेको छ । १४८ जना शिक्षकहरुलाई विभिन्न ५ प्रकारका कष्टमाईज सम्वन्धि तालिमसंचालन गरी शिक्षकहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिएका छन । गाउँपालिकामा ८ वटा परिक्षा केन्द्रहरु निर्धारण गरी आधारभुत तहको अन्तिम सिकाई उपलव्धीलाई व्यवस्थित र मर्यादित गराउने कार्य गरिएको छ । जोखिममा रहेका २०० जना वालवालिकाहरुलाई सहयाता प्रदान गरिएको छ । यस आ.व.मा ६ वटा विद्यालय भवन निर्माण, ४ वटा शौचालय निर्माण तथा ४५ वटा कक्षाकोठा व्यवस्थापन अन्तर्गत पिफर्म, कार्पेट र रंगरोगन गर्ने कार्य गरिएको छ । सामुदायिक सिकाई केन्द्र मार्फत पुर्ण साक्षरताका लागि साक्षरता सामाग्री वितरण तथा घरधुरी सर्वेक्षण गर्ने कार्य समेत गरिएको छ । विपन्न तथा अनाथ १८ जना वालवालिकाहरुलाई संरक्षण तथा स्याहार सुसारका लागि कोपिला स्याहार केन्द्र संचालन, व्यवस्थापन, खाद्यान्न तथा शैक्षिक सामाग्री सहयोग गरिएको छ । जनता सँग अध्यक्ष कार्यक्रम मार्फत हाम्डी वाटो घेरवार, वडा नं. ३ मा शहिद स्मृती प्रतिक्षालय निर्माण, तुसारमुला सिचाई कुलो निर्माण, वडा नं. ५ मा जैगड खानेपानी निर्माण, वडा नं. ६ मा दाहाल आ.वि. शैक्षिक सामाग्री व्यवस्थापन, ढटेलो प्रशोधन मेशिन तथा भवन निर्माण छाना मर्मत तथा चौकी वजार प्रतिक्षालय निर्माण लगायतका योजनाहरु सम्पन्न गरिएको छ । जनता संग उपाध्यक्ष कार्यक्रम मार्फत गाउँपालिकाका स्थानिय निर्वाचित महिला जनप्रतिनिधी, राजनितीक दलका महिला प्रतिनिधी, गाउँपालिकाका कर्मचारी र महिला संजालका पदाधिकारीहरुलाई महिला शसक्तिकरण सम्वन्धी ३ दिने नेतृत्व विकास तालिम, असहाय तथा विपन्न महिलाहरुको आयआर्जनका लागि व्यवशायिक वाखापालन कार्यक्रम सवै वडाहरुमा स्थानिय स्तरमा समुदायको विकासका लागी सामुदायिक पुर्वाधारमा आधारित योजना निर्माण गर्ने कार्य सम्पन्न गरिएका छन् । महिला वालवालिका शाखा मार्फत वाल दिवश, लैंगिक हिंशा विरुद्धको १६ दिने अभियान संचालन तथा वडा स्तरिय ११६ औं अन्तराष्ट्रिय महिला दिवश मनाउने कार्य सम्पन्न गरिएको छ । गाउँपालिकामा सवै प्रकारका अपांगता भएका जसमा क वर्गका ४१ जना, ख वर्गका ५९ जना, ग वर्गका ५३ जना र घ वर्गका ६६ जना गरी जम्मा २१९ जना लाई अपांगता परिचयपत्र वितरण गर्ने कार्य सम्पन्न भएको छ । २३ जनालाई अन्तर पुस्ता परिवार संवाद कार्यक्रम, मनोसामाजिक सुस्वास्थ्य सम्वन्धि कार्यक्रम र ७५ जनालाई वाल संरक्षण घटना व्यवस्थापन सुचना व्यवस्थापन प्रणालीमा दर्ता गर्ने कार्य गरिएको छ । वालविवाह रोकथामका लागी पैरवी तथा पारिवारीक पुनर्मिलन को लगीी स्थानिय स्तरमा वहश तथा पैरवी गर्ने कार्य गरिएको छ । वालिका विमा कार्यक्रम अन्तर्गत १६जना वालीकालाई उक्त विमा कार्यक्रममा समावेश गरिएको छ । स्वास्थ्य संस्थाहरूबाट ओपीडी, मातृ तथा नवजात शिशु सेवा नियमित सञ्चालन गरिएको। बर्थिङ सेन्टर बाट २०८२ साउन देखि २०८३ जेठ महिना सम्म ११२ जना सुत्केरि सेवा लिएकाछन । आधारभुत स्वास्थ्य सेवा केन्द्र छातिमा बर्थिङ सेन्टर संचालन गर्नका लागि सम्पुण प्रकृया पुरा गरि यही गाउसभा बाट सुचिकृत गर्ने । सुरक्षित प्रसूति सेवा तथा सुत्केरी पश्चात्को पि एन सि वा प्रदान गरिएको। परिवार नियोजन सेवा अन्तरगत ५ वटा परिवार नियोजनका साधनहरु नियमित रूपमा उपलब्ध गराइएको छ। ईम्पलान्ट सेवा ३५ जना, डिपो सेवा १६४५ जना लाई प्रदान गरिएको छ । राष्ट्रिय खोप तालिका अनुसार ११ वटा खोप केन्द्रहरु बाट नियमित खोप सेवा सञ्चालन गरिएको । पूर्ण खोप सुनिश्चितता तथा दिगोपना गाउपालिका घोषणा गरिएको छ र ३०८ बालबालिकाहरुले पुर्णखोप पाएकाछन । खोपको भण्डारण तथा कोल्ड चेन व्यवस्थापन सुदृढ गरिएको।खोप सेसन संगै सरसफाई प्रवर्द्धन कार्यक्रम संचालन गरिएको। बालबालिकाको वृद्धि अनुगमन तथा पोषण लेखाजोखा ६९ प्रतिशत प्रगति भएको र परामर्श प्रदान गरिएको। कुपोषित ४ जना बालबालिकाको पहिचान र व्यवस्थापन गरिएको। गर्भवती तथा सुत्केरी

महिलालाई पोषण शिक्षा प्रदान गरिएको। क्षयरोग, परिक्षण कार्यक्रम अन्तरगत १५० जना क्षयरोग परीक्षण गरिएको थियो र सवै नेगेटिभ कुष्ठरोग, मलेरिया तथा एचआईभी सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको। १५०० जना मानिसको नसर्ने रोगको स्क्रिनिङ तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको। सरसफाइ, पोषण, किशोरकिशोरी स्वास्थ्य तथा मानसिक स्वास्थ्य सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको। पोषण कार्यक्रम अन्तरगत बिध्यलयका छात्रछात्राशरु लाई जुकाको औषधि दुई पटक गरी २४५२ खुवाईएको छ । विद्यालय तथा समुदायस्तरमा स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न गरिएको। पोष सुधारका लागी वहुक्षत्रीय पोषण कार्यक्रम अन्तर्गत पालिकाका विभिन्न समुदाय, स्वास्थ्य संस्थाहरुमा पोषणको अवस्था सुधार, खाद्य सुरक्षा प्रवर्द्धन, सरसफाई सम्वन्धि व्यवहार परिवर्तन र सुनौला हजार दिनका आमा तथा वालवालिकाको पोषण स्तर सुधारका क्षेत्रमा विभिन्न सहयोग, जनचेतना तथा अभियानहरु संचालन गरिएका छन । वडा नं. ३ को गोठिमुला टोलमा सुनौला हजार दिनका २५ जना विपन्न महिलाहरुलाई आयआर्जनका लागि तालिम तथा अनुदान रकम वितरण गरिएको छ । पोषण सुधारका लागी करेशावारी स्थापना, क्षमता विकास तालिम मार्फत सचेतना अभिवृद्धी संचालन तथा ३ वटा स्वास्थ्य संस्थाहरुमा पोषण कर्नर स्थापना गर्ने कार्य समेत सम्पन्न गरिएको छ । यस आ.व.मा अनलाईन प्रणाली मार्फत ७०१ वटा जन्मदर्ता, ९३ जनाको मृत्यु दर्ता, १६१ जोडीको विवाह दर्ता, १७ परिवारका ४२ जना वसाई सरि गएको र ७ परिवारका १६ जना वसाई सरि आएको घटना दर्ता कार्य गरिएको छ । यस आ.व.मा  जना अन्य ज्येष्ठ नागरिक भत्ता, ३५ जनालाई ज्येष्ठ नागरिक एकल महिला भत्ता, ७१५ जनालाई ज्येष्ठ नागरिक क्षेत्र तोकिएको भत्ता, १९७ जनालाई विधवा (आर्थिक सहायता) ३९ जनालाई पुर्ण अशक्त व्यक्ति भत्ता, ५३ जनालाई अति अशक्त र १९५० जनालाई क्षेत्र तोकिएको वालवालिका भत्ता वैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्ने कार्य सम्पन्न गरिएको छ । गाउँपालिकाको दलित लक्षित कार्यक्रम मार्फत ८ वटै वडाका ८० जना उच्च शिक्षा अध्ययनरत दलित छात्रछात्राहरुलाई छात्रवृति प्रदान तथा शैक्षिक सामाग्री उपलव्ध गर्ने कार्य सम्पन्न गरिएको छ । गाउँपालिका र सोसेक नेपालको समन्वयमा लैंगिक हिंशामा परेका १७२ जना महिला र २७ जना वालवालिकाहरुलाई मनोसामाजिक सेवा, कानुनी सेवा, कानुनी सहायता, आश्रय सेवा, ओसिएमसी लगायतका अन्य परिवार संवाद तथा सिपमुलक व्यवशायका लागी सहयोग प्रदान गर्ने कार्य समेत गरिएको छ ।

**(ख) पूर्वाधार विकास क्षेत्र :** ३.५ किलोमिटर नयाँ सडकको ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ भने ९७ किलोमिटर सडकको मर्मत कार्य सम्पन्न गरिएको छ साथै यस गाउँपालिकाको सवै वडाहरु सडक संजालमा जोडिएका छन् । वडा नं. २, ३, ४, र ५ मा राष्ट्रिय प्रशारण लाइन विस्तार भई वत्ति वलिरहेको र वडा नं १,६,७ र ८ मा लाईन विस्तारको काम भईरहेको छ । २ वटा (२५० मिटर) पिसिसि वाटो, ९ वटा पर्यटकिय मन्दिर, ११ वटा सिचाई पोखरी निर्माण, १४ (१२०० मिटर) वटा पक्की सिचाई कुलो निर्माण, ५ वटा खानेपानी (१४७ धारा) योजना निर्माण तथा मर्मत, ४ वटा सामुदायिक भवन तथा संकलन केन्द्र निर्माण, ३८ वटा शौचालय निर्माण, राष्ट्रपती शैक्षिक सुधार अन्तर्गत ३ वटा विध्यालय भवन निर्माण, १ वटा खेलकुद फिल्ड निर्माण, १ वटा विद्यालय फिल्ड निर्माण तथा घेरवार भएका छन । १ वटा विद्यालयको पर्खाल निर्माण तथा घेरवार योजना सम्पन्न गरिएका छन् । जनता आवाश कार्यक्रम मार्फत गाउँपालिका २३ वटा घर निर्माण कार्य सम्पन्न भएका छन् । ५ वटा तटवन्धन योजना निर्माण कार्य सम्पन्न भएको छ ।

**ग) वातावरण तथा विपद व्यवस्थापन क्षेत्र :** जनता आवास कार्यक्रम मार्फत ३२ वटा घरहरु पहिचान भई निर्माण कार्य सम्पन्न हुने प्रक्रियामा रहेका छन्  । पहिरो वाट भत्केका १५ वटा घरहरु पुननिर्माणका लागि सिफारिश भई निर्माणका लागि सवै किस्ता निकासा भईसकेको र ६ वटा घरहरुको तेश्रो किस्ता वाँकी रही भुक्तानीको प्रक्रियामा रहेको । पहिरो वाट भत्केका २३ वटा लाभग्राहीहरुको घर पुन निर्माणका लागि जिल्ला

प्रशासन कार्यालयमा गाउँपालिकावाट साझेदारी हुने रकम जिल्ला विपद व्यवस्थापन समितीमा पठाई सकिएको । वाढी, पहिरो, हावा हुरी पिडित घरधुरीलाई तत्काल अत्यावश्यकीय सहयोग सामाग्री प्रदान गरिएको छ । गाउँपालिकाको सवै वडा स्तरमा वडा स्तरिय विपद व्यवस्थापन समितीलाई १ दिने अभिमुखिकरण कार्यक्रम तथा गाउँपालिका स्तरमा स्थानिय जनप्रतिनिधीहरु र शाखा प्रमुख हरुलाई विपद व्यवस्थापन सम्वन्धि २ दिने अन्तरक्रिया कार्यक्रम संचालन गरिएको छ ।

**(घ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्र :** १८ वटा कार्यविधिहरु तर्जुमा भई कार्यन्वयनमा आएका छन् । ५ वटा विषयगत समितिहरुको कार्यविवरण निर्माण गरि कार्यान्वयन भई राखेको छ साथै हरेक शाखा प्रमुख तथा उक्त शाखा संग आवद्ध कर्मचारीहरुको कार्य विवरण तयार गरि कार्य सम्पादन सम्झौता तयार भई कार्यन्वयनमा ल्याइएको छ । गाउँपालिकाको वित्तिय विकासका लागी ३५ वटा सहकारीहरुको वित्तिय प्रगती तथा कार्यक्रमहरुको वारेमा अवलोकन तथा कार्ययोजनाहरुको लेखजोखा गर्ने कार्य गरिएको छ ।

**(ङ) न्यायिक समिति :** पालिका स्तरिय तीन सदस्यीय न्यायिक समिति तथा प्रत्येक वडाहरुमा वडा स्तरिय मेलमिलाप केन्द्र गठन भई वडा तथा पालिमा स्तरमा आएका विवादहरुको मेलमिलाप गर्ने कार्य गरिएको छ । ५० जना स्थानिय मेलमिलापकर्ताहरुका लागि ३ दिने कानुनी सचेतना तालिम प्रदान गर्ने कार्य सम्पन्न गरिएको छ । न्यायिक समिती र मेलमिलाप केन्द्रका मेलमिलापकर्ताहरुलाईसम्पादनको अवस्थाको वारेमा जानकारी प्रदान गर्नका लागि अन्तर प्रदेश न्यायीक अवलोकन भ्रमण कार्य सम्पन्न गरिएको छ ।

**सभा सदस्य ज्युहरु**

गाउँपालिकालाई सुशासनयुक्त, भ्रष्टाचार, अनियमितता र ढिलासुस्ती रहित जनताप्रति उत्तरदायी वनाउन यस गाउँपालिकाका सम्पुर्ण जनप्रतिनिधि लगायत राजनैतिक दल, कर्मचारी, उपभोक्ता समिति, नागरिक समाज, पत्रकार, महिला, दलित, अपाङ्गता भएका व्यक्ति, जनजाती, वुद्धिजिवी, शिक्षक, समाजसेवी, कर्मचारी एवं पालिकावासी सवैको कर्तव्य हो । विगतका राम्रा नराम्रा कुराको समीक्षा गर्दै आगामी दिनमा गाउँपालिकालाई सुशासनयुक्त र जवाफदेही वनाउन केही लक्षित कार्यक्रम, नीति तथा योजना तर्जुमा गर्दै अगाडि वढ्नु पर्ने आवश्यकता महशुस गर्दै यस गरिमामय सभा समक्ष केही लक्षित निति तथा कार्यक्रमहरुलाई अगाडि प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## <u>आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम</u>

**सभा सदस्य ज्युहरु,**

म आगामी आर्थिक वर्ष २०८३/०८४ को वजेट तर्जुमा गर्दा अवलम्वन गरिएका आधारहरु प्रस्तुत गर्दछु

- नेपालको संविधान २०७२ को अनुसुची ८ र ९ मा व्यवस्था भए अनुसार स्थानीय तहका अधिकारका सुचिकृत एकल तथा साझा अधिकारहरु, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ।
- संघिय सरकार र प्रदेश सरकारले जारी गरेका नीति कानुन तथा मापदण्डहरु ।
- राजश्व परामर्श समिति, श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति, वजेट तथा कार्यक्रम तर्जुमा समितिवाट प्राप्त राय सुझावहरु ।
- नेपाल सरकार एवं प्रदेश सरकारवाट प्राप्त वजेट सिलिङ्ग र वजेट तर्जुमा गर्दा लिनुपर्ने आधारहरु ।
- वडा तथा वस्ती स्तरिय योजना तर्जुमावाट आएका योजना तथा सुझावहरु ।

- विषयगत कार्यालय/ शाखा तथा निकायवाट प्राप्त राय सुझावहरु ।
- गाउँपालिकाको प्रथम आवधिक योजनाले निर्धारण गरेको लक्ष्य नीति तथा प्राथमिकताहरु ।
- विगतका आर्थिक वर्षहरुमा सम्पन्न भएका गाउँसभावाट भएका नितिगत निर्णयहरु ।
- विभिन्न राजनैतिक दल लगायत वुद्धिजिवी, विज्ञ, नागरिक हरुवाट प्राप्त राय सुझावहरु ।
- दिगो विकासका लक्ष्यहरु ।
- नेपाल पक्ष भई द्धिपक्षिय र वहुपक्षिय अन्तराष्ट्रिय सन्धि सम्झौताहरु ।

**क्षेत्रगत नीति एवं प्राथमिकताहरु**

**सभा सदस्य ज्युहरु,**

अव म आ.व. २०८३/०८४ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**१. सामाजिक विकास सम्वन्धी नीति तथा कार्यक्रम**

**क. शिक्षा**

१. आ.व. २०८३/०८४ मा गाउँपालिकामा रहेका ७ वटा माद्यामिक विद्यालयहरुमा आधुनिक सुचना तथा प्रविधी प्रयोगशाला निर्माण तथा संचालन गरिने छ ।

२. विद्यालयमा शिक्षकहरुको उपस्थितीलाई नियमित र प्रभावकारी वनाउन गाउँपालिकाका सवै विद्यालयहरुमा विधुतिय हाजिरी मेशिन जडान गरि प्रयोगमा ल्याईने छ ।

३. शिक्षकहरुको क्षमता विकासलाई थप विकास र विस्तार गर्न विषयगत रोष्टर निर्माण गरी विषयगत पेशागत क्षमता विकास तालिम तथा कार्यक्रमहरु संचालन गरिने छ ।

४. शिक्षक तथा विद्यार्थिको अनुपातमा दरवन्दी मिलान तथा स्थानिय शिक्षक सरुवा कार्यविधी निर्माण गरी यसै आ.व.मा कार्यान्वयनमा ल्याईने छ ।

५. विद्यालय तथा वाल विकास केन्द्रको तथ्यांक व्यवस्थापन तथा मुल्यांकन गरी विद्यार्थी संख्या र भौगोलिक आधारमा विद्यालय तथा वालविकास केन्द्र नक्सांकन गरिने छ ।

६. स्थानिय समता रणनिती निर्माण गरी विद्यालयमा गुनासो सुनुवाई, वालिका तथा समावेशी शिक्षा संजाल, वृहत सुरक्षित विद्यालय हरित विद्यालय निर्माणको वातावरण निर्माण गरिने छ ।

७. विगत लामो समय देखी विभिन्न चरणमा निर्माण भई आएको स्थानिय पाठ्यक्रम **शुभकालिका ज्ञान विज्ञान** यसै गाउँसभा मार्फत पारित गरिएको छ । साथै यसै आ.व. मा कक्षा १ देखि ३ सम्मको स्थानिय पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयन गरिने छ ।

८. गाउँपालिकाको १० वर्षे स्थानिय शिक्षा योजना २०८३–२०९३ संशोधन सहीत गाउँसभा वाट पारित गरिएको छ ।

९. गाउँपालिकाको स्थानिय समता रणनिती २०८३, शिक्षकको पेशागत क्षमता विकास योजना २०८३ र विद्यालय विपद व्यवस्थापन योजना २०८३ गाउँसभा वाट पारित गरिएको छ ।

१०. विद्यालयमा हुने हिंशा, दुर्व्यवहार विपद तथा अन्य जुनसुकै प्रकारका जोखिमहरुको तत्काल सुचना र संचारको लागी हरेका विद्यालयको प्र.अ. हरुलाई द्रुत संचार प्रवाह सामाग्रीको व्यवस्थापन गरिने छ ।

११. विद्यालय र समुदायको सम्वन्धलाई थप प्रभावकारी वनाउन नमस्ते अभिभावक कार्यक्रम संचालन गरिने छ ।

१२. विद्यालय सिकाईको पहुँच वढाउन शिक्षक तालिम, नमुना शिक्षण तथा कक्षा अवलोकन जस्ता कार्यक्रमहरुको निर्माण तथा कार्यान्वयन गरिने छ ।

१३. खेलकुद क्षेत्रको विकासको लागि पालिकामा खेलकुद सम्पर्क डेस्क स्थापना गरी खेलकुद विकास समिती मार्फत खेलको संचालन तथा व्यवस्थापन गरिने छ ।

१४. **यस** गाउँपालिका **मा कार्यरत स्थायि कर्मचारिको हकमा** संघिय सरकारले **बृदि** गरेको **तलब २१% ले** वृद्धि गरिने छ ।

१५. स्थानीय सरकारमा कार्यरत स्थायी, अस्थायी, करार, ज्यालादारी तथा श्रमजीवी कर्मचारीहरूको सामाजिक सुरक्षाको हक सुनिश्चित गर्दै श्रमको सम्मान र उच्च मनोबलका साथ काम गर्ने वातावरण निर्माण गर्न प्रचलित कानुन बमोजिम सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने नीति लिइने छ।

१६. पालिका अन्तर्ततका वालविकास कैन्द्रमा कार्यरत ईसिडी सहजकर्ताहरुले हाल खाईपाई आएको तलवमा सतप्रतिशत वृद्धि गरिने छ ।

**ख. संस्कृति सम्वन्धी नीति तथा कार्यक्रम**

१. गाउँपालिका भित्र वोलिने विभिन्न खस, मगर भाषा तथा संस्कृतिको संरक्षण गर्ने नीति लिइनेछ ।

२. गाउँपालिका भित्र आयोजना हुने महोत्सव, दिवशिय कार्यक्रम र पर्व मेलाहहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगीत लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ ।

**ग. युवा तथा खेलकुद सम्वन्धी नीति तथा कार्यक्रम**

१. खेलकुदको विकास गर्न सवै वडाहरुमा खेल मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत गरी प्रत्येक वडामा वर्षमा कम्तिमा एक पटक खेलकुद प्रतियोगिता संचालन गरिने छ ।

२. विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो व्यवस्थापन गर्दै जाने नीति लिइनेछ ।

३. युवा वेरोजगार न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सीप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

४. गाउँपालिका स्तरमा १०० मिटर ट्र्याक भएको व्यवस्थित फिल्ड निर्माणका लागि आवश्यक पहल तथा निर्माणाधिन फिल्डको स्तरोन्नतीका लागि आवश्यक व्यवस्था गरिने छ ।

५. गाउँपालिकामा खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी तथा युवाहरुलाई खेलमा सहभागीताका लागि आवश्यक पहल गरिनेछ ।

**घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्वन्धी नीति तथा कार्यक्रम**

१. लैङ्गिक हिंसा विरुद्धको शुन्य सहनशिलताको निति अवलम्वन गरिनेछ । लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनिती अद्यावधिक गरि कार्यान्वयनमा ल्याइनेछ र समाजमा पछाडी परेका वर्ग समुदायको विकासमा मुलप्रवाहीकरणका लागि क्षमता विकासका कार्यक्रम र सशक्तिकरण गरि मुलप्रवाहीकरण गरिनेछ ।

२. महिला, वालवालिका, अल्पसंख्यक, अति गरिव, जनजाति र सामाजिक वहिष्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गर्ने निति अवलम्वन गरिनेछ ।

३. ऐतिहांसिक कालदेखी सिल्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा स्थापित गर्ने निति अवलम्वन गरिनेछ ।

४. **"हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान"** अभियान संचालन गरी सवै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ । पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।

५. गाउँपालिकाको वजेट तथा कार्यक्रममा लैङ्गिक उत्तरदायी वजेट निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।

६. वालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ ।
७. गाउँपालिकाका वालमैत्री घोषणा हुन वाँकी सवै वडाहरुलाई क्रमशः वालमैत्रि वडा घोषणा गर्दै लगिनेछ
८. वालवालिका विरुद्ध हुने हिंसा न्युनिकरणका लागि अभियान संचालन गरिनेछ साथै पालिका स्तरामा स्थापना भएको वालहित कोषलाई निरन्तरता दिईनेछ ।
९. वालवालिका तथा महिला विरुद्ध हुने सवै खाले हिंशा न्युनिकरणका लागी गाउँपालिका तथा स्थानिय स्तरमा वालवालिकाको क्षेत्रमा कार्यरत सम्पुर्ण संघसंस्था तथा कार्यक्रमहरु सँगको समन्वय र सहकार्य मार्फत एकिकृत रुपमा कार्यक्रमहरु संचालन गरिने छ र गाउँपालिकालाई वालश्रम मुक्त पालिका वनाउनका लागी आवश्यक कार्यक्रम वनाईने छ ।
१०. उपाध्यक्ष सँग वालवालिका कार्यक्रम संचालन गरी वालवालिकाको संरक्षण तथा विकासलाई जोड दिईने छ ।
११. महिलाहरुको कार्यवोझ घटाउन सिप सहित हाते ट्याक्टर सहयोग कार्यक्रम संचालनमा ल्याईने छ ।
१२. युवाहरुको लागि सिप सहितको रोजगार कार्यक्रम संचालन गरिने छ ।
१३. वालवालिकाको संरक्षण र वृतिविकासको लागी वालकोष कार्यक्रम वनाई कार्यान्वयन गरिने छ ।

**ङ. स्वास्थ्य तथा पोषण सम्वन्धी नीति तथा कार्यक्रम**

१. बर्थिङ सेन्टरको स्तरोन्नति गरी गुणस्तरिय सेवा दिईनेछ ।
२. पुर्णखोप सुनिस्चितता तथा दिगोपना लाई निरन्तरता दिईनेछ ।
३. सुरक्षित गर्भपतन सेवा प्रदान गर्न भर्ता स्वास्थ्य चौकी र मुग्राहा स्वास्थ्य चौकी लाई सुरक्षित गर्भपतन साईट प्रमाणिकरण गरिनेछ ।
४. .किशोर किशोरी मैत्री स्वास्थ्य सेवाको लागि सबै स्वास्थ्य संस्थामा किशोर किशोरी मैत्री स्वास्थ्य सेवा कक्ष स्थापना गरिने छ ।
५. .विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत पोषण,बृहत्तर यौनिकता शिक्षा, स्वस्थ रुपान्तरण र यौन तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धि किशोर किशोरी हरुलाई अभिमुखीकरण दिईने छ ।
६. .मुग्राहा स्वास्थ्य चौकी, भर्ता स्वास्थ्य चौकी,सुकाटिया स्वा. चौ. र नैनेलडाडा आ. स्वा. केन्द्र लाई किशोर किशोरी मैत्री स्वास्थ्य संस्थाको रुपमा प्रमाणीकरण गरिने छ ।
७. तथ्यांक गुणस्थर सुधारको लागि स्वास्थ्य चौकी र पालिकामा मासिक समिक्षा बैठक अनिवार्य गरिने छ ।
८. .मातृ तथा नवजात शिशू स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न प्रसुति गृहहरु सुधार गर्दै लगिनेछ ।
९. .मातृ तथा नवजात शिशू स्वास्थ्य सेवा सञ्चालनको लागि वजेट विनियोजत गरिने छ ।
१०. प्रजनन रुग्णता, नसर्ने रोगहरु, आखा र मानसिक स्वास्थ्य सम्बन्धि प्रवद्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्दै शिविरहरु सञ्चालन गरिने छ ।
११. मानसिक स्वास्थ्य सेवालाई निरन्तरता दिन मनोपरामर्शकर्ताहरुलाई गाउँपालिकाले निरन्तरता दिने छ ।
१२. महिला स्वास्थ्य स्वयम सेविकालाई दिईदै आएको प्रोत्साहान भत्ता लाई निरन्तरता दिईनेछ ।
१३. स्वास्थ्यकर्मि हरुको क्षमता बिकास गरि प्रभाबकारी स्वास्थ्य सेवा प्रदान गर्न तालिमको व्यवस्था गरिनेछ ।
१४. पोषण सुधारका लागि वहुक्षेत्रिय पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

**च. खानेपानी तथा सरसफाई**

१. एक घर एक धाराको निति अवलम्वन गरि गाउँपालिका भित्र खानेपानी सुविधा नपुगेका वस्तीहरुमा स्वच्छ खानेपानीको पँहुच सुनिश्चितताको निति अवलम्वन गरिने छ ।

२. पूर्ण सरसफाई युक्त गाउँ निर्माण अभियानलाई प्रभावकरी रुपमा कार्यान्वयन गर्न हरेक घरमा अनिवार्य शौचालय तथा अन्य आवश्यक संरचनाको व्यवस्था गर्ने नितिलाई अवलम्वन गरिने छ।
३. ढल निकासको उचित व्यवस्थापन गर्न समुदायको सहभागितामा अभियान संचालन गर्ने निति अवलम्वन गरिने छ।
४. खानेपानी सरसफाई तथा स्वच्छता सम्वन्धि कानुन निर्माण गरि खानेपानी क्षेत्रलाई व्यवस्थित वनाइनेछ।

**२) आर्थिक विकास सम्वन्धि नीति तथा कार्यक्रम**

**क) कृषि तथा खाद्य सुरक्षा :**

१. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नवालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा व्यवसायिक कृषि कार्यक्रम संचालन गर्ने निति अवलम्वन गरिनेछ।
२. एक घर एक करेसावारी कार्यक्रमलाई कार्यान्वयन गरिनुका साथै वेमौशमी तथा व्यवसायिक तरकारी खेतिको प्रवर्द्धन गर्ने निति अवलम्वन गरिनेछ।
३. रैथाने वालीहरुको विउ संरक्षण, खेती विस्तार र वजारीकरणको लागि विशेष प्रवन्ध मिलाइनेछ।
४. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि उत्पादन तथा पशुपालन तथा व्यवशायिक मत्स्यपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।
५. गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत र वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ।
६. गाउँपालिका क्षेत्रमा सम्भावना भएका विभिन्न स्थानहरुमा ओखर, स्याउ, सुन्तला, कागति, जुनार खेतिको रुपमा विस्तार गरिनेछ।
७. लेकवस्ती र औल वस्तीमा मौसम अनुसारका फलफुल वगैचा स्थापना गरि कृषकहरुलाई विभिन्न तालिम तथा विउविजन लगायत अन्य सामाग्रीहरुको व्यवस्थापनका लागि पहल गरिनेछ।
८. रासायनिक मल, कृषि यन्त्र, कृषिजन्य समाग्रीहरु र तरकारी तथा खाद्यान्न वालीका उन्नत वीउविजन कृषकहरुलाई अनुदानमा वितरण गर्ने नीतिलाई निरन्तरता दिईनेछ।
९. गाउँपालिका क्षेत्र भित्रका खेतीयोग्य उर्वर जमिनमा प्रर्याप्त सिचाई सुविधा सुनिश्चित गर्न संघ सरकार, प्रदेश सरकार र अन्य गैर सरकारी संघसंस्थाहरु संगको सहकार्य तथा लागत साझेदारीमा सिंचाई आयोजना कार्यक्रम संचालन गरी कृषि उत्पादनमा वृद्धि गरिनेछ।
१०. कृषि तथा पशुपन्छी वीमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ साथै खेतीयोग्य जमिनको माटो परिक्षण गरि वातावरण सुहाउदो खेतीवाली गर्न लाई प्रोत्साहान गर्ने निति अवलम्वन गरिने छ।
११. कृषि उपजहरुलाई सहज रुपमा वजार सम्म पुऱ्याउनका लागि कृषी उत्पादन क्षेत्रहरु सम्म जोड्ने सडक तथा अन्य पुर्वाधारहरुको विस्तार गरिने छ।
१२. स्थानिय श्रोत व्यक्ती तथा गाउँपालिका प्राविधिकहरु कृषकको खेतवारीमा पुगी सेवा प्रवाह गर्ने र कृषि प्रयोगशाला स्थापना गर्ने निति अवलम्वन गरिने छ।
१३. स्थानिय उत्पादन वृद्धि तथा उपयोग र पालिकामा रहेका रैथाने वालीहरुको संरक्षण, प्रवर्द्धन तथा वजारीकरणका लागि आवश्यक कार्यक्रम निर्माण गरी कार्यान्वयन गरिने छ।
१४. गाउँपालिका क्षेत्रमा रहेका जग्गालाई भूमि वर्गिकरण गरि भूउपयोग निति अवलम्वन गरिनेछ।
१५. फलफुल खेति विकासका लागि एक घर ५ विरुवा रोप्नका लागि जागरण अभियान संचालन गरिनेछ।

**ख) पशु विकास :**

१. पशुपालक कृषकहरुको पेशाको सम्मान तथा व्यवसाय निरन्तरताका लागि पशुपालक कृषक प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।
२. पशु चिकित्सा सेवालाइ कृषकको पहुँचमा पुऱ्याई पशुपंक्षी तथा मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने रोगहरुको निदान, उपचार तथा रोकथाम गर्नका लागि पशुस्वास्थ्य शिविर, घुम्ति सेवा संचालन गरिनेछ ।
३. पशुपालनलाई व्यवसायीक वनाउन, उत्पादन र उत्पादकत्व वृद्धि गर्न नश्ल सुधारका लागि कृतिम गर्भाधान कार्यक्रम सुरु गरि क्रमशः पालिका भरी सेवा विस्तार गरिनेछ ।
४. दुध, मासु, अण्डामा आत्म निर्भर हुन पशुपंछी व्यवसायलाई प्रवर्द्धन गरिने नीति लिईने छ ।
५. कृषि समुह/समिति तथा कृषि सहकारी मार्फत कृषि तथा पशुजन्य वस्तुहरूको उत्पादन र उत्पादकत्व वृद्धि गरी लक्षित वर्गको आय आर्जन अभिवृद्धिमा जोड दिइनेछ ।
६. पशुपंछीमा हुने विभिन्न किसिमको जोखिम न्यूनिकरण गर्न पशुपंछी विमा कार्यक्रमलाई प्रभावकारी वनाउन चेतनामूलक कार्यक्रम संचालन गरिने छ । पशुपंछी विकास शाखा वाट संचालन हुने अनुदानका कार्यक्रममा विमा अनिवार्य गरिने नीति लिईने छ ।
७. पशुपन्छीहरुको उपचारका लागी आधारभुत प्रयोगशाला तथा चिकित्सक सहितको उपचार कक्ष स्थापना गरिनेछ ।
८. गाउँपालिका भित्र पशुपंक्षि फर्म, मासुपालन, एग्रोभेट पसलहरु दर्ता गरी नियमन गर्ने निति अवलम्वन गरिनेछ ।

**ग) सहकारी तथा वित्तीय सेवा**

१. गाउँपालिका स्थित सहकारी संस्थाहरु अनुमति, नियमन, विस्तार, प्रशिक्षण सम्वन्धी कार्यक्रम संचालन गरिने छ ।
२. गाउँपालकिा क्षेत्र भित्रका सहकारी संस्थाहरुको लगत अद्यावधिक गर्ने, क्षमता विकास गर्ने, साझेदारीमा गरिवी न्युनिकरणका कार्यक्रम सञ्चालन गर्ने, राष्ट्रिय सुचना प्रणाली मार्फत सहकारी संस्थालाई व्यवस्थित गर्ने लगायत संस्थाहरुको अनुगमन सुपरीवेक्षण गर्ने कार्य गरिने छ ।
३. संवैधानिक व्यवस्था अनुसार सरकारी, सहकारी र निजी गरी तिन खम्वे अर्थ नीति कार्यान्वयन गर्दै समृद्ध शुभकालिका गाउँपालिका निर्माणका लागि लगानी मैत्री गाउँपालिका वनाउन पहल गरिनेछ ।
४. नागरिकलाई वित्तीय पहुँचमा ल्याउनका लागि हरेक व्यक्तिको वैङ्क खाता खोल्ने निति अवलम्वन गरिने छ र वित्तिय कारोवारहरुलाई वैङ्किग प्रणाली मार्फत गर्न प्रोत्साहन गरिनेछ ।

**घ) उद्योग तथा वाणिज्य**

१. गाउँपालिका भित्र व्यवसायिक रुपमा सञ्चालनमा रहेका उद्योग, व्यवसाय, होटल तथा पसलहरुको अनुगमन तथा नियमन गर्ने नीति अवलम्वन गरिनेछ ।
२. सञ्चालनमा रहेका उद्योग, व्यवसाय, होटल तथा पसलहरुको व्यवसाय दर्ता तथा नविकरण गर्ने नीति लिईनेछ ।
३. गाउँपालिकाको साझेदारीमा संचालित गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई प्रभावकारी रुपमा समन्वय तथा सहकार्य मार्फत संचालन गरि निरन्तरता दिईनेछ ।
४. स्थानिय श्रोतहरुमा आधारित जस्तैः माटोको भाँडा, नेपाली कागज, अल्लो प्रशोधन, ढँटेलो प्रशोधन, जैतुन उत्पादन तथा संकलनमा आधारित उद्योग स्थापना तथा प्रवर्द्धनका लागि आवश्यक निति अवलम्वन गरिनेछ ।

५. गाउँपालिकाको वडा नं. ६ मा रहेको शिसाको अध्ययन तथा पहिचानका लागि पुरातत्व विभाग संग आवश्यक सहयोगका लागि पहल गरिनेछ ।

**ङ) पर्यटन तथा संस्कृती**

१. गाउँपालिका भित्र पर्ने ऐतिहासिक, सांस्कृतिक, धार्मिक, सम्पदाहरूको अध्ययन अनुसन्धान गरी संरक्षण तथा प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

२. गाउँपालिकामा रहेका धार्मिक तथा पर्यटकिय क्षेत्रहरुको प्रचार प्रशार गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

३. गाउँपालिका भित्र रहेका ऐतिहासिक क्षेत्रहरु जस्तै कालामुला वाईस धारा क्षेत्र, मष्टादेव मन्दिर, महादेव मन्दिर मुग्राहाँ, कालिकोट जिल्लाको नामाकरण गरेको क्षेत्र कालिका मुग्राहाँ कोट, मुग्राहाँ धारा, कोट देउती, दाहालदेव मन्दिर, तिनचुले तोरामालिका, सातमुला, जडायाढुंगा आदिलाई पर्यटककीय गन्तव्य स्थलको रुपमा विकास गरिनेछ ।

४. वडा नं. १ र ३ मा जनजातीहरुको भाषा, लोक, संस्कृती र कलालाई जगेर्ना तथा प्रवर्द्धन गर्नका लागि प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

५. गाउँपालिका भित्र रहेका कुण्ड तालतलैया, देवल, शिलालेखहरुको संरक्षण गर्ने निती अवलम्वन गरिनेछ ।

**च) रोजगार, सिप तथा उद्यमशिलता सम्वन्धि**

१) दिर्घकालिन रोजगारी सृजनाका लागि गाउँपालिकाको रोजगार रणनीती योजना अद्यावधिक तथा प्रभावकारी कार्यान्वयन गरी वेरोजगार तथा वैदेशिक रोजगारी वाट फर्किएका व्यक्तिहरुको सिप विकास तथा उद्यमशिलतामा जोड दिने खालका कार्यक्रमहरु तय गरिनेछ ।

२) रोजगारी सृजनाका लागी स्थानीय स्तरमा रहेको रोजगार सेवा केन्द्रलाई रोजगार, सिप तथा उद्यमशिलता सम्वन्धि एकिकृत सेवा प्रवाह कार्यविधी, २०८३ वमोजिम रोजगार, सिप तथा उद्यमशिलता केन्द्रवाट प्रवाह हुने रोजगारी सिर्जना, सिप विकास, उद्यमशिलता प्रवर्द्धन लगायत श्रम तथा रोजगार सम्वन्धि सम्पुर्ण सेवाहरुलाई एकिकृत रुपमा संचालन गर्ने व्यवस्था गरी रोजगार, सिप तथा उद्यमशिलता केन्द्रलाइ सशक्तिकरण गरिने छ ।

३) स्थानीय तहमा सुचिकृत ३९६५ जना वेरोजगार व्यक्तिहरुलाई स्थानीय स्तरमा संचालीत राष्ट्रिय रोजगार कार्यक्रम, मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम, गरिवी निवारणका लागी उद्यम विकास कार्यक्रम, कृषि र अन्य आयोजना तथा कार्यक्रमवाट संचालित कार्यक्रमहरुमा सहभागीताका लागी प्राथमिकता दिईने छ ।

४) अल्पकालीन तथा दिर्घकालीन रोजगारी सृजनाका लागि गाउँपालिका राष्ट्रिय रोजगार कार्यक्रम र मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनका लागि गाउँपालिकावाट आवश्यक साझेदारी लगानी गरीनेछ ।

५) रोजगार, सिप तथा उद्यमशिलता केन्द्रमा रहेको रोजगार व्यवस्थापन सुचना प्रणाली तथा श्रम संशार प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईने छ ।

६) उत्पादनमुलक सिपमा आधारित व्यवशाय संचालनका लागि सिपमुलक तालिम तथा व्यवशाय पवर्द्धन गर्न सरोकारवाला निकाय संग समन्वय गरी दिर्घकालीन रोजगारी सृजना गर्ने ।

७) वैदेशिक रोजगारीवाट फर्किएका युवाहरुको सिप र श्रमको सदुपयोग गरी स्थानीय स्तरमा उद्यम स्थापना गर्न प्रोत्साहीत गरिने छ साथै वैदेशिक रोजगार वोर्ड, श्रम संशार र कन्सुलर सेवा विभागवाट प्रदान गरिने सेवाहरुलाई स्थानिय तहवाट सेवा प्रदान गर्ने कार्यको थालनी गरिने छ ।

८) स्थानीय श्रोत, साधन र सिपमा आधारित उद्यम स्थापना तथा प्रवर्द्धन गर्नका लागी श्रोत साधनमा आधारित उद्यमहरुको पहिचान तथा प्रवर्द्धनमा जोड दिईने छ ।

९. नेपाल सरकार युवा, श्रम तथा रोजगार मन्त्रालयले वालश्रममुक्त स्थानिय तह घोषणा कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालय संग आवश्यक पहल गरिने छ ।

१०. लक्षित वर्ग, रोजगारदाता र तालिम प्रदायक संस्थाको दर्ता प्रोफाईल तयारी र एकिकृत तथ्यांक तयार गरि रोजगार तथा सिप सम्वन्धि तथ्यांकहरुलाई व्यवस्थित गर्दै लगिने छ ।

११. वित्तिय साक्षरता अभिवृद्धि तथा वैंक तथा वित्तीय संस्थाहरु सँग समन्वय गरी वित्तिय पहुँच विस्तार गर्ने कार्यक्रमहरु संचालन गरिने छ ।

**छ) सिचाई**

१. खेतीयोग्य जमिनमा नियमित रुपमा सिचाइ हुने प्रवन्ध मिलाइनेछ र यस क्षेत्रको उत्पादकत्व तथा उत्पादन वृद्धिका लागि उचित सिचाई संरचना निर्माण गर्ने कार्यक्रमहरुको व्यवस्था गरिने छ ।

२. गाउँपालिकामा विद्यमान रहेका सिचाइ कुलो, पोखरी, तथा अन्य सिचाइका प्रविधिहरुको लगत राखी उक्त संरचनाहरुको मर्मत संभार योजना तथा निति निर्माण गरि लागु गरिनेछ ।

**३) पुर्वाधार विकास सम्वन्धि नीति तथा कार्यक्रम**

**क) वस्ती विकास, आवास तथा भवन**

१. सुरक्षीत वस्ती निर्माणका लागि एकिकृत वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

२. भवन निर्माण आचारसंहिता निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ ।

३. एकिकृत शहरी तथा वस्ति विकास योजनाद्वारा निर्दिष्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघ सरकार, प्रदेश सरकार र साझेदारहरु सँगको सहकार्यलाई निरन्तरता दिइनेछ ।

४. जनता आवास कार्यक्रमलाई निरन्तरता तथा प्रभावकारीताका लागि आवश्यक निति अवलम्वन गरिनेछ

५. उपभोक्ता समितीका लागि गुणस्तर परिक्षण र निर्माण सामाग्रीको परिक्षण गरी निर्मित संरचनाहरुको दिगोपनामा जोड दिईनेछ ।

**ख) सडक तथा यातायात**

१. गाउँपालिकाको सवै वडा, केन्द्र र मुख्य वस्तीहरुलाई वाह्रै महिना संचालन हुने गरी सुरक्षित सडक संजालले जोड्ने तथा स्तरोन्नती गर्ने  नीति लिइनेछ ।

२. सडक तथा पुर्वाधार निर्माणमा मेशिनरीको प्रयोगलाई नियमन गर्दै स्थानिय श्रमशक्तिको उपयोग गरी रोजगारीका लागी पुर्वाधार अभियानलाई प्राथमिकता दिईने छ ।

३. गाउँपालिका भित्र रहेका सडकहरुको सडक मापदण्ड वनाई लागु गरिनेछ ।

४. गाउँपालिकामा निर्माण गरिएका पुर्वाधारका संरचना (पुजीगत सम्पति) को लगत तयार अद्यावधिक तथा मुल्यांकन गरी सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली (Public Asset Management System-V2) मा राखिनेछ ।

५. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजी क्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

६. पालिकामा निर्माण गरिने सडक योजनाको दिगो संचालनका लागि मर्मत संचार तथा समुदाय स्तरमा समुदायको आवश्यकता र दिगोपनामा जोड दिईनेछ साथै सडक मापदण्ड (सडकको पहुँच क्षेत्र निर्धारण) तयार गरि लागु गरिनेछ ।

**ग) जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा**

१. राष्ट्रिय प्रशारण लाइन विस्तार नभएका वडा, वस्ती तथा टोलहरुमा विद्युतीकरणको लागि आवश्यक पहल गरिनेछ साथै गाउँपालिका सवै वडाहरुमा राष्ट्रिय प्रशारण लाइनको विस्तार गर्न पहल गरिने छ ।

२. पालिकामा संचालनमा रहेका लघु जलविधुत आयोजना र शौर्य उर्जालाई नियमित तथा सुचारु गर्न आवश्यक पहल साथै राष्ट्रिय प्रशारण लाइन संग जेड्नका लागी आवश्यक पहल गरिनेछ ।
३. गाउँपालिकामा निर्माण गरिने विधुत उत्पादनका लागी पि.पि.ए. र नेटमिटरिंगमा नेपाल विधुत प्राधिकरण संग भएका सम्झौता अनुरुपका आयोजनाहरुमा लगानीका लागी सार्वजनिक निजी साझेदारी निती अवलम्वन गरिने छ ।

**घ) सुचना, सञ्चार तथा प्रविधि**

१. यस गाउँपालिका भित्रका वस्तीहरुमा टेलिफोन सेवालाई सहज रुपमा पुऱ्याउन आवश्यक पहल गरिनेछ साथै 4G सेवालाई सवै वडाहरुमा प्रभावकारी वनाउन आवश्यक पहल गरिनेछ ।
२. गाउँपालिकाको स्वामित्वमा रहेको रेडियो शुभकालिकालाई प्रभावकारी रुपमा व्यवस्थापन गरि अगाडि वढाइनेछ ।
३. विद्यालयहरुमा प्रविधीमा आधारित कक्षा संचालन गर्न आवश्यक प्रवन्ध गरिनेछ ।

**४) वन वातावरण तथा विपत व्यवस्थापन सम्वन्धि नीति तथा कार्यक्रम**

**क) वन, पार्क, हरियाली, भूसंरक्षण र नदी नियन्त्रण**

१. गाउँपालिका भित्र रहेका वन क्षेत्रको संरक्षणका लागि सामुदायिक तथा कवुलीयत वन उपभोक्ता समितिलाई सक्रिय रुपमा परिचालित हुन अभिप्रेरित गरिनेछ ।
२. स्थानीय पूर्वाधार निर्माण गर्दा जलवायु उत्थानशिल पूर्वाधार वनाउन निर्माण गरिनेछ ।
३. विश्ववाट दूर्लभ हुदै गएको रेडपाण्डा संरक्षणको लागि आवश्यक प्रवन्ध मिलाई क्षेत्र विस्तार गर्ने निति लिईनेछ ।
४. सामुदायिक तथा व्यक्तीगत जग्गामा वृक्षारोपण गर्ने कार्यलाई प्रवर्द्धन गरिनेछ ।
५. टोल तथा सार्वजनिक स्थलहरुमा पार्क तथा हरियाली प्रवर्द्धनका लागि पहल गरिनेछ ।
६. भूक्षय तथा पहिरो नियन्त्रणका लागि वृक्षारोपण, तटवन्धन, वायो-ईन्जिनियरिङ्ग तथा खोला नियन्त्रणका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।
७. वन क्षेत्रमा व्यापक रुपमा भई रहेका अवैध रुपमा हुने चोरी सिकारी र निकासी पैठारीलाई रोकथाम तथा नियन्त्रण गर्न पहल गरिनेछ ।
८. वडा नं. ३ तथा गाउँपालिकामा रहेको काईनाईटको संरक्षणको लागी आवश्यक निति निर्माण गरी संरक्षमा जोड दिईने छ ।

**ख) वातावरण तथा फोहोरमैला व्यवस्थापन**

१. कुहिने र नकुहिने फोहोर मैलाको वर्गिकरण गरि व्यवस्थापन गर्ने रणनिति अवलम्वन गरिनेछ साथै कुहिने फोहोरमैला वाट जैविक मल तथा विषादी वनाउन कृषकहरुलाई प्रोत्साहान गरिनेछ ।
२. खडेरीको समयमा हुने आगलागि नियन्त्रणका लागि जनचेतना मुलक कार्यक्रम गरिनेछ ।
३. गाउँपालिकाको ठोस फोहोर व्यवस्थापन योजना (Solid Waste Management Plan) तयार गरि कार्यान्वयनमा ल्याईनेछ ।

**ग) विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता**

१. गाउँपालिका स्तरिय विपद व्यवस्थापन समिति र वडा स्तरिय विपद व्यवस्थापन समितिलाई थप प्रभावकारी वनाई वन वातावरण तथा विपद व्यवस्थापन शाखा सँग समन्वय गरि विपद व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरिने छ ।

२. पालिका भित्रका घर तथा टोल सफा राख्न घर तथा वजार वाट निस्कने फोहोरमैलाको उचित तरिकाले व्यवस्थापन गर्न टोल तथा सार्वजनिक स्थलहरुमा फोहोरहरुको वर्गिकृत व्यवस्थापन कार्यको सुरुवात गरिनेछ ।
३. निजि आवास पूननिर्माणका लागि अविरल वर्षा र अन्य विपदका कारणले भत्किएका र आगलागी पिडित नागरिकका निजि आवास निर्माणको लागी आवश्यक व्यवस्था गरिनेछ ।
४. गाउँपालिकालाई हरियाली वनाई राख्न पहिरो नियन्त्रण तथा वृक्षारोपण कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
५. नदी कटान तथा खोलाहरुको कटान रोक्न तथा भुक्षय, प्राकृतिक प्रकोप र पहिरो जान सक्ने जोखिम क्षेत्रको पहिचान गरी संरक्षणको लागि आवश्यक तटवन्धनको व्यवस्था मिलाईनेछ ।
६. गाउँपालिका भित्र प्लाष्टिकजन्य वस्तुको प्रयोगलाई निरुत्साहित गर्न दैनिक प्रयोग हुने प्लाष्टिक झोलाहरुको प्रतिस्थापन गरी आयोजनाको दिगोपना कायम गर्ने निती अवलम्वन गरिने छ ।
७. वडा स्तरमा विपद प्रभावित नागरिकहरुको तत्काल उद्धार, राहात तथा पुनर्स्थापनाका लागि प्रत्येक वडामा आपतकालीन विपद व्यवस्थापन कोषको स्थापनाको व्यवस्था मिलाईने छ ।
८. महिलाहरुको स्वास्थ्यलाई प्रतिकुल असर पार्ने परम्परागत चुल्हो प्रतिस्थापन गरी सुधारिएको चुल्होको प्रयोगलाई वढवा दिईनेछ ।
९. गाउँपालिकाको स्थानिय विपद जोखिम उत्थानशिल योजना निर्माण गरिनेछ ।
१०. स्थानिय विपद व्यवस्थापन सम्वन्धमा क्षमता विकासका साथै आवश्यक पुर्वतयारीका राहत सामाग्रीहरु व्यवस्थापन गरिनेछ ।
११. गाउँपालिकाको जलवायू परिवर्तन स्थानिय अनुकुलन कार्ययोजना आ.व. २०८२/०८३ देखी २०८७/०८८ लाई गाउँसभावाट पास गरी कार्यान्वयनमा ल्याईने छ ।

**५) सुशासन तथा संस्थागत विकास सम्वन्धी नीति तथा कार्यक्रम**

**क) नीति, कानुन, न्याय तथा सुशासन**

१. गाउँपालिका सरकार संचालनका लागि आवश्यक पर्ने कानुन निर्माण गरि कार्यान्वयनमा लगिनेछ ।
२. गाउँपालिकामा E-governance प्रणालीको विकास गर्न आवश्यक पूर्वाधार निर्माण एंव सोको प्रभावकारी कार्यान्वय गर्ने नीति लिइने छ ।
३. गाउँपालिकामा संचालन गरिने विभिन्न कार्यक्रमहरुलाई प्रभावकारी तथा प्रविधीमैत्री वनाउनका लागि गाउँपालिकाको सभाकक्षमा Digital Smart Board तथा सेवाग्राहीहरुलाई सेवा प्रवाहमा सहजता ल्याउनका लागि डिजिटल नागरिक वडापत्रको व्यवस्था मिलाईनेछ ।
४. गाउँपालिकाको वेव साईडमा गाउँपालिकाका गतिविधी तथा सूचनाहरु नियमितरुपमा सार्वजनिक गरी नागरिकको सूचनामा पहुँच पुऱ्याईनेछ । गाउँपालिकावाट प्रदान गदै आएका सेवा सुविधाहरुमा यान्त्रिकिकरण गरी कम्प्युटरको माध्यमवाट प्रदान गरिनेछ ।
५. भौतिक पूर्वाधार योजनाको पारदर्शिता गुणस्तरियता प्रभावकारिता सरलताका साथ कार्यान्वयन गर्न तथा समयमै आवश्यक सुधार गर्न योजनाहरुको आर्थिक तथा भौतिक विवरणहरु प्रष्ट देखिने र समयमा आवश्यक सुझाव सल्लाह दिन मिल्ने गरि योजना अनुगमन कार्यलाई प्रभावकारी वनाईने छ ।
६. सुशासनका आधारभुत पक्षहरू उत्तरदायित्व, जवाफदेहिता, पारदर्शीता, जनसहभागीता र सामाजिक भावनालाई प्रवर्द्धन गर्दै सेवाग्राहीहरूलाई सुशासनको अनुभूती दिलाउन गाउँपालिका तथा वडाहरूवाट प्रदान गरिने सेवा प्रवाह तथा सञ्चालित आयोजनाहरू तथा कार्यक्रमहरूको हरेका चौमासीकमा

सार्वजनिक सुनुवाई गर्ने कार्यलाई निरन्तरता दिइने छ साथ साथै आयोजना स्थलमा सूचना पाटीलाई व्यवस्थित गर्ने नीति लिइनेछ ।

७. भ्रष्टाचार विरुद्ध शुन्य सहनशिलताको नीतिलाई अवलम्वन गरिनेछ ।
८. गाउँपालिका क्षेत्रभित्र कालो वजारी, कृत्रिम अभाव, एकाधिकार नियन्त्रण गर्न वजार अनुगमनको कार्यलाइ तिव्रताका साथ निरन्तरता दिइने छ ।
९. महालेखा परिक्षकको कार्यालयले औंल्याएका वेरुजुहरु समयमै फर्छ्यौट गर्न तदारुकताका साथ कार्य गरिने छ । गाउँपालिकालाई वेरुजु शुन्य तथा वित्तिय अनुशासित गाउँपालिका वनाउने नीति अवलम्वन गरिने छ ।
१०. गाउँपालिकाको योजनातर्जुमा प्रक्रियालाई प्रभावकारी वनाउन गाउँपालिकाको आवधिक योजना तथा मध्यकालिन खर्च संरचनालाई अद्यावधिक तथा प्रकाशन गरि कार्यान्वयनमा ल्याइनेछ ।
११. गाउँपालिका तथा विभिन्न निकायवाट भए गरेका कामहरुको नियमित प्रगती समिक्षा तथा सार्वजनिक सुनुवाई मार्फत आम जनतालाई शुसुचित तथा शुसासनको प्रत्याभुती प्रदान गरिने छ ।
१२. गाउँपालिका स्तरको वालमैत्री स्थानिय शासन कार्यविधी तर्जुमा गरि कायान्वयनमा ल्याईनेछ ।
१३. गाउँपालिको संस्थागत सुशासन र मानव संशाधन विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुसंग सहकार्य गर्ने नितिलाई निरन्तरता दिईनेछ ।

**ख) संगठन, मानव संशाधन र क्षमता विकास**

१. निर्वाचित जनप्रतिनिधी र कर्मचारीहरुका लागि आवश्यक पर्ने उपयुक्त तालिम, अध्ययन, अवलोकन गोष्ठीलाई प्राथमिकता दिई कर्मचारीको कार्यसम्पादन मुल्याङ्कन विधि प्रभावकारी र वैज्ञानिक वनाई प्रोत्साहन तथा दण्डात्मक पद्धतिका आधारमा कर्मचारीलाई सेवामुखी तथा जवाफदेही वनाईनेछ ।
२. गाउँपालिका सवै वडाहरुमा इन्टरनेटको सुविधालाई व्यवस्थित गरिने नीति लिईने छ ।
३. गाउँपालिकाको समग्र कार्यक्षमता वढाउन क्षमता विकास योजना तर्जुमा गरिनेछ ।
४. जनप्रतिनिधी तथा कर्मचारीहरुको सिकाई अनुसरणका लागि अध्ययन अवलोकन भ्रमण तथा तालिमहरुको व्यवस्था गरिनेछ ।
५. गाउँपालिका तथा शाखाहरुको सार्वजनिक सुनुवाई गरी सेवा प्रवाहलाई प्रभावकारी वनाइनेछ ।
६. गाउँपालिकामा कर्मचारी कल्याण कोषको स्थापना गरिनेछ ।

**ग) राजस्व तथा राजस्व परिचालन**

१. गाउँपालिकाको एकिकृत राजश्व सुधार कार्ययोजना (RIAP) निर्माण गरि कार्यान्वयनमा लागिनेछ ।
२. गाउँपालिका भित्रका सवै कर दाताहरुको तथ्यांक संकलन गरि अभिलेख अध्यावधीक गरिने छ । राजस्व परिचालन गर्न विभिन्न निकासंग समन्वय गरिने छ ।
३. कर तिर्ने वानी विकासका लागि करदाता शिक्षा अभियानको रुपमा संचालन गरिनेछ ।
४. वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्यक्रमलाई प्राथमिकतामा राख्दै दिगो वन : समृद्ध जिवनको नितिका आधारमा प्रदेशलाई काठ दाउरामा आत्मनिर्भर वनाउनुको साथै वन पैदावारको विक्रि वितरणवाट राजश्व संकलनमा वृद्धि गरिने छ ।
५. राजश्व प्रणालीलाई गाउँपालिका तथा वडा कार्यालयहरुमा अनिवार्य अनलाईन पद्धतिवाट भुक्तानी गर्न कार्यलाई पुर्ण रुपमा लागु गरी राजश्व चुहावटलाई पुर्ण नियन्त्रण गरिनेछ ।

**घ) तथ्याङ्क, योजना तथा विकास परिचालन**

१. गाउँपालिकाको सस्थागत स्वमूल्याकंन (LISA) को नतिजाको आधारमा राम्रा अभ्यासहरुलाई निरन्तरता दिदै सुधार गर्नुपर्ने क्षेत्रहरु पहिचान गरि क्षमता विकास योजना तयार गरिनेछ र त्यसको कार्यान्वयमा तिव्रता ल्याइनेछ ।
२. गाउँपालिकाले चौमासिक रुपमा नागरिक समाजका सस्थाहरुसंग अन्तरक्रिया गरि सुझावहरु लिनेछ साथै यस गाउँपालिकामा काम गर्ने विकास साझेदारहरु संग समेत चौमासिक रुपमा विकास गतिविधिको समिक्षा गर्दै सिकाई आदान प्रदान गर्ने कार्यलाई प्राथमिकताका साथ लागु गरिनेछ ।
३. गाउँपालिकाका विभिन्न क्रियाकलाप र गतिविधि समेटिएको योजना किताव, वार्षिक कार्ययोजना र वार्षिक प्रगती प्रतिवेदन प्रकाशन गरिनेछ साथै गाउँपालिका सम्वन्धी सुचना तथा जानकारीहरु प्रकाशित गर्न संचार माध्यमहरुलाई सुचना प्रवाह गरिनेछ ।
४. गाउँपालिकाको वित्तिय जोखिम विष्लेशण (FRA) को नतिजाको आधारमा राम्रा अभ्यासहरुलाई निरन्तरता र त्यसको कार्यान्वयमा जोड दिईनेछ ।
५. गाउँपालिकावाट प्रवाह हुने सेवा सुविधा प्रति नागरिकहरुको सेवा प्रतिको सन्तुष्टि मापन गर्ने अभ्यास गरिनेछ ।

**ङ) न्याय सम्पादन**

१. स्थानीय स्तरमा मेलमिलाप तथा गाउँपालिकामा हुने सवै खालका आन्तरिक कलहलाई न्युनिकरण गर्न मेलमिलापकर्ता तथा न्यायिक समितिमा न्याय सम्पादनका लागि न्यायिक सहजकर्ताको व्यवस्था तथा सहजकर्ताको क्षमता विकास गरी प्रभावकारी न्याय सम्पादनमा जोड दिईनेछ ।

**सभा सदस्य ज्युहरु,**

गाउँपालिकाको आ.व. २०८३/२०८४ को निती तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा हाम्रो आग्रहलाई स्वीकार गरि सुझाव संकलन वैठक, अन्तरक्रिया तथा छलफलमा उपस्थित भई हामीलाई उल्लेखनिय रचनात्मक सुझाव, सल्लाह दिई सहयोग गर्नु हुने गाउँपालिका उपाध्यक्ष ज्यू लगायत गाउँकार्यपालिकाका सदस्य ज्यूहरु, विभिन्न समितिका संयोजक तथा सदस्य ज्यूहरु, राजनितिक दलका प्रतिनिधिज्यू लगायत सम्पुर्ण समाजसेवी, वृद्धीजिवी, कार्यलयका कर्मचारी, संघ सस्थाका प्रतिनिधी तथा कर्मचारी महानुभावहरु लाई विशेष धन्यवाद दिन चाहन्छु । यस गाउँसभालाई सम्पन्न गर्न अहोरात्र खटिई सहयोग गर्नु हुने गाउँपालिकाका कर्मचारी हरुलाई धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद ॥**

**गरिमामय गाउँ सभाका अध्यक्ष ज्यु सम्मानित सदस्य ज्यूहरु, समस्त कर्मचारी मित्रहरु, पत्रकार, सुरक्षाकर्मी लगाय सम्पूर्ण उपस्थित मान्यजनहरु ।**

यस गरिमामय १५ औं गाउँ सभा समक्ष आर्थिक वर्ष २०८३/०८४ को आय तथा व्ययको प्रस्तावित विवरण प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुशीको अनुभुति भएको छ । अव म शुभकालिका गाउँपालिकाको यस गरिमामय १५ औं गाउँसभामा आर्थिक वर्ष २०८३/०८४ को आयव्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**अनुमानित आयव्यय र श्रोत व्यवस्थापन**

| क्रसं. | श्रोत | आय रु | अक्षरमा |
|---|---|---|---|
| १ | सामानिकरण अनुदान संघिय सरकार | ९0000000. | नौ करोड मात्र । |
| २ | सशर्त अनुदान संघिय सरकार | १६५५00000 | सोह्र करोड पचपन्न लाख मात्र । |
| ३ | राजश्व वाँडफाँड संघिय सरकार | ८१३९७000. | आठ करोड तेह्र लाख सन्तानव्वे हजार मात्र । |
| ४ | विषेश अनुदान संघिय सरकार | १0४00000. | एक करोड चार लाख मात्र । |
| ५ | समपुरक अनुदान संघिय सरकार | १0५00000. | एक करोड पाँच लाख मात्र । |
| ६ | समानिकरण अनुदान प्रदेश सरकार | १२५९२000. | एक करोड पच्चीस लाख वयानव्वे हजार मात्र । |
| ७ | सशर्त अनुदान प्रदेश सरकार | १८८११000. | एक करोड अठासी लाख एघार हजार मात्र । |
| ८ | राजश्व वाँडफाँड र सवारी साधन कर प्रदेश सरकार | १0३६0३६.४0 | दश लाख छत्तीस हजार छत्तीस रुपैया चालिस पैसा मात्र , |
| ९ | विषेश अनुदान प्रदेश सरकार | ३५00000. | पैतिस लाख मात्र । |
| १0 | समपुरक अनुदान प्रदेश सरकार | १२१00000 | एक करोड एक्काइएस लाख मात्र । |
| ११ | आन्तरिक श्रोत | ३00000 | तिस लाख मात्र । |
| १२ | रोयल्टी वापत | 0 | |
| १३ | अल्या वजेट | 0 | |
| **जम्मा** | | ४0८८३६0३६.४0 | **चालिस करोड अठासी लाख छत्तीस हजार छत्तीस रुपैया चालिस पैसा मात्र ।** |

कुल वजेट रकम **रु. ४०८८३६०३६.४० (चालिस करोड अठासी लाख छत्तीस हजार छत्तीस रुपैया चालिस पैसा मात्र)** प्रतिशत रहेको छ ।

**गैर सरकारी संघसंस्थाहरुको आय विवरण**

| क्रसं. | श्रोत/निकाय | आय रु | अक्षरमा |
|---|---|---|---|
| १ | हेल्भेटास नेपाल | ७७२४०००. | सतहत्तर लाख चौविस हजार मात्र । |
| २ | भिडिसेफ नेपाल कालिकोट | ३८९३०८९५ | तिन करोड उनानव्वे लाख तिस हजार आठ पन्चानव्वे रुपैय मात्र । |
| ३ | सोसेक नेपाल | ५००००० | पाँच लाख मात्र । |
| ४ | टिपिओ नेपाल | ३२०००० | तिन लाख विस हजार मात्र । |
| ५ | सिएमसी नेपाल | ० | |
| ६ | एनएनएसडव्लुए नेपाल | १४२०७५८ | चौध लाख विस हजार सात सय अन्ठावन्न मात्र । |
| ७ | करुणा फाउण्डेसन | ६३७७२५ | छ लाख सैतिस हजार सात सय पच्चीस मात्र । |
| ८ | हिमालयन सामुदायिक श्रोत विकास केन्द्र कालिकोट । | ४००००००. | चालिस लाख मात्र । |
| **जम्मा** | | **५४१३३३७८** | **पाँच करोड एकचालिस लाख तेत्तिस हजार तिन सय अठहत्तर रुपैया मात्र ।** |

**आय तर्फ :** आगामी आ.व. २०८३/०८४ मा कुल आमदानी कुल वजेट रकम **रु. ४०८८३६०३६.४० ( चालिस करोड अठासी लाख छत्तीस हजार छत्तीस रुपैया चालिस पैसा मात्र)** प्रस्तावित गरिएको छ ।

**व्यय तर्फ :** गाउँपालिका तथा वडा तर्फको प्रशासनिक, गाउँपाललिका, वडा र विषयगत शाखा तर्फको कार्यक्रम खर्च समेत गरी रु. **४०८८३६०३६.४० (चालिस करोड अठासी लाख छत्तीस हजार छत्तीस रुपैया चालिस पैसा मात्र)** विनियोजन गरिएको छ ।

**आदरणिय सभाका अध्यक्ष ज्यु तथा सदस्य ज्युहरु,**

गाउँपालिकाको आ.व. २०८३/२०८४ को निती, वजेट तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा हाम्रो आग्रहलाई स्वीकार गरि सुझाव संकलन वैठक, अन्तरक्रिया तथा छलफलमा उपस्थित भई हामीलाई उल्लेखनिय रचनात्मक सुझाव, सल्लाह दिई सहयोग गर्नु हुने आदरणीय गाउँपालिका अध्यक्ष ज्यू लगायत गाउँकार्यपालिकाका सदस्य ज्यूहरु, विभिन्न समितिका संयोजक तथा सदस्य ज्यूहरु, राजनितिक दलका प्रतिनिधिज्यू लगायत सम्पुर्ण समाजसेवी, वृद्धीजिवी, कार्यलयका कर्मचारी, संघ सस्थाका प्रतिनिधी तथा कर्मचारी महानुभावहरु लाई विशेष धन्यवाद दिन चाहन्छु । यस गाउँसभालाई सम्पन्न गर्न अहोरात्र खटिई सहयोग गर्नु हुने गाउँपालिकाका कर्मचारी हरुलाई धन्यवाद दिन चाहन्छु । योजना तर्जुमा प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संलग्न रहनु हुने विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधी ज्यू एवं संघ संस्थाका प्रतिनिधी ज्यु र हामीलाई रचनात्मक सुझाव सल्लाह दिनु हुने सम्पुर्ण आदरणिय व्यक्तित्वहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । अन्तमा प्रस्तुत वजेट र कार्यक्रमको कार्यान्वयनका लागि यहाँहरुवाट प्राप्त भएका तथा हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रुपमा लिएर शुभकालिका गाउँपालिका कार्यान्वयनको निमित्त अगाडी वढ्ने विश्वास दिलाउँदै कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरु सवैको सहयोग निरन्तर रहने अपेक्षा समेत गरेको छु ।

धन्यवाद ॥